# काठमाडौं शिक्षा क्याम्पसमा अध्यनरत
# विद्यार्थीहरुले पालना गर्नुपर्ने आचारसंहिता

१. क्याम्पसमा कुल कक्षा सञ्चालित भएका दिनमध्ये न्यूनतम ७० प्रतिशत हाजिर हुनुपर्ने,

२. क्याम्पसमा उपस्थित हुन नसकेको अवस्थामा अनुपस्थित हुनुपर्ने कारण खुलाई अभिभावकको हस्ताक्षर सहित कक्षा अध्यापकलाई निवेदन पेश गर्ने,

३. क्याम्पसले तोकेको समयभित्र कलेज हातामा प्रवेश गरिसक्नुपर्ने र सोही समयभित्र कलेज प्रवेश नगरेमा दोस्रो पिरियडमा मात्र प्रवेश गर्ने,

४. कक्षा सञ्चालन समयभन्दा अगाडि नियमित रूपमा बाहिर जानुपर्ने भएमा विद्यार्थीहरूले उपयुक्त कारण खुलाई Gate Pass Card बनाउनुपर्ने र उक्त कार्डमा उल्लेख भएको समयमा मात्र बाहिर निस्कन पाइने,

५. Gate Pass नभएका विद्यार्थीहरू आकस्मिक रूपमा क्याम्पस बाहिर निस्कनु परेमा कक्षा अध्यापकको अनुमतिले मात्र निस्कन पाइने,

६. विद्यार्थी परिचयपत्र, पुस्तकालय कार्ड, छात्रवृत्ति तथा निःशुल्क वृत्ति र अन्य सुविधा क्याम्पसमा भर्ना भएका तथा सबै आन्तरिक परीक्षामा सहभागी भई उत्तीर्ण गरेका विद्यार्थीहरूलाई मात्र प्रदान गरिने,

७. क्याम्पसले सञ्चालन गर्ने आन्तरिक परीक्षामा अनिवार्य रूपमा सहभागी भई उत्तीर्ण हुनुपर्ने, परीक्षामा सहभागी नहुने विद्यार्थीहरूले प्रत्येक विषयमा तोकिए बमोजिम जरिवाना तिर्नुपर्ने,

८. विद्यार्थीहरू क्याम्पसले तोकेको पोशाकमा उपस्थित हुनुपर्ने, अन्यथा क्याम्पस प्रवेशमा रोक लगाइने,

९. क्याम्पसमा उपस्थित हुँदा बहुमूल्य गरगहना (औंठी, सिक्री, चुरा आदि) लगाउन वा ल्याउन नपाइने, यदि लगाएर आए वा साथमा लिएर आएर कुनै दुर्घटना भएमा क्याम्पस जवाफदेही नहुने,

१०. क्याम्पसभित्र रहेका भौतिक स्रोत र सामग्रीहरू तोडफोड गरेको, क्याम्पस हाताभित्र अनावश्यक लेखिएको पाइएमा त्यस्ता विद्यार्थीलाई आवश्यक कारबाहीको साथै क्षतिपूर्ति वापत रकम असुली गरिने,

११. विद्यार्थीले क्याम्पस हाताभित्र धुम्रपान, मद्यपान, सुर्ती, खैनी, अम्बल तथा अन्य हानिकारक तत्वहरू सेवन गर्न गराउन नपाइने र गरिएको पाइएमा कडा कारवाही गरिने,

१२. कक्षाकोठामा मोबाइल फोनको प्रयोग गर्न नपाइने,

१३. क्याम्पस हाता (पुस्तकालय, कक्षाकोठा, क्यान्टिन आदि) भित्र अनावश्यक गफगाफ, होहल्ला, झैंझगडा आदि कार्य नगर्ने ,

१४. क्याम्पस र क्याम्पस अन्तर्गतका विभिन्न विभाग, सङ्काय, शाखा वा निकायहरूले बनाएका नीतिनियम सबैले अनिवार्य रूपमा पालना गर्नुपर्ने,

१५. अनुशासनहीन, अमर्यादित, अनैतिक र क्याम्पसको नीति विपरीत कार्य गरेमा क्याम्पसबाट निलम्बन र निष्कासनसम्म गर्न सकिने,

१६. हरेक विद्यार्थीले क्याम्पसको विकासमा सक्रिय भूमिका खेल्ने, टीकाटिप्पणी नगर्ने, सकारात्मक सुझावहरू प्रदान गर्ने, नैतिक जिम्मेवारी पुरा गर्नुपर्ने,
१७. विद्यार्थीहरूको प्रयोगात्मक कार्यका लागि आयोजना गरिने शैक्षिक भ्रमण, अवस्था भ्रमण, अनुसन्धान भ्रमण आदिमा अनिवार्य रूपमा सहभागी हुनुपर्ने,
१८. क्याम्पसमा प्राज्ञिक वातावरण कायम गर्न सम्पूर्ण विद्यार्थीहरूले सहयोग गर्ने ।